अपि पावर कम्पनी लिमिटेड

ट्रेड टावर, थापाथली, काठमाण्डौँ, नेपाल

तेइसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०७/२०)

अपि पावर कम्पनी लिमिटेडको मिति २०८३ कार्तिक १९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल गर्नका लागि कम्पनीको २३ औँ वार्षिक साधारण सभा बोलाइएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८(३) को व्यवस्था अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२३औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मिति : २०८३ साल मंसिर १८ गते शुक्रबार (तदनुसार ४ डिसेम्बर, २०२६)

स्थान : कार्की ब्याङक्वेट, बबरमहल, काठमाडौं ।

समय : बिहान ११:०० बजे देखि ।

२३औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :

क) सामान्य प्रस्ताव

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८२/०८३ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८३/०८४ का लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) २३औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिको अधिल्लो दिनसम्म कायम शेयरधनीहरुलाई आ.व. २०८२/०८३ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट विद्यमान चुक्ता पूँजी रु. ६,३७,९७,२४,१९९/- (अक्षरेपी छ अर्ब सडतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय मात्र) को ०.२६३२ प्रतिशतले हुने रु. १,६७,८८,७४८ (अक्षरेपी एक करोड सडसट्ठी लाख अठासी हजार सात सय अडचालिस मात्र) प्रस्तावित बोनश शेयरको कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

५) संचालक समितिमा रिक्त संचालक पदमा संचालक समितिबाट भएको नियूक्तिको अनुमोदन गर्ने सम्बन्धमा ।

ख) विशेष प्रस्ताव

१) २३औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिको अधिल्लो दिनसम्म कायम शेयरधनीहरुलाई कम्पनीको आर्थिक बर्ष २०८२/०८३ सम्मको वितरण योग्य संचित खुद मुनाफाबाट विद्यमान चुक्ता पूँजी रु. ६,३७,९७,२४,१९९/- (अक्षरेपी छ अर्ब सडतिस करोड सन्तानब्बे लाख चौबिस हजार एक सय उनान्सय मात्र) को ५ प्रतिशतका दरले हुने रु. ३१,८९,८६,२०९/९५ (अक्षरेपी एकतिस करोड उनानब्बे लाख छयासी हजार दुई सय नौ रूपैया पन्चानब्बे पैसा मात्र) बराबरको ३१,८९,८६२/१० कित्ता बोनश शेयर वितरण गर्ने सम्बन्धमा ।

२) कम्पनीले बोनश शेयर जारी गर्दा पूँजी संरचनामा बृद्धि हुने भएको हुँदा सो प्रयोजनका लागि प्रबन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।

३) कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को २२ औं वार्षिक साधारण सभाबाट विद्यमान चुक्ता पूँजीको १ शेयर बराबर ०.३० का दरले हकप्रद शेयर निष्काशन गरि सो रकमबाट दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधीन मर्स्याङ्दी बेसी जलविद्युत आयोजना (५० मे.वा.) निर्माणमा लगानी गर्ने निर्णय भएकोमा हकप्रद शेयर निष्काशन प्रक्रियाका लागि नियामकीय अनुमतिमा लामो समय व्यतित हुँदा आयोजना निर्माणमा ढिलाई हुने देखिएको हुँदा यस कम्पनीको आन्तरिक नगद प्रवाह, बैंक ऋण तथा अन्य श्रोत मार्फत आयोजनालाई आवश्यक स्वपूँजी व्यवस्थापन भइसकेको हुँदा उक्त १:०.३० हकप्रद शेयर निष्काशन रद्द गर्ने सम्बन्धमा ।

४) उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनै पनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत संशोधन वा परिवर्तन गर्न तथा अन्य आवश्यक कार्यहरु समेत गर्न संचालक समिति(वा संचालक समितिले तोकेको व्यक्ति) लाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) कम्पनी ऐन, २०६३ को दफा १०५ (ख) बमोजिम अपि पावर कम्पनी लिमिटेडले बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

६) कम्पनी ऐन, २०६३ को दफा १०५ (ग) बमोजिम आ.व. २०८२/८३ मा अपि पावर कम्पनी लिमिटेडबाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

ग) विविध (अध्यक्षको अनुमतिमा)

संचालक समितिको निर्णयानुसार
कम्पनी सचिव

२३औं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु:

१) साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले अनिवार्य रुपमा आफ्नो परिचय स्पष्ट खुल्ने किसिमको फोटो सहितको प्रमाण पत्र तथा हितग्राही खातामा रहेको यस कम्पनीको शेयर विवरण वा साथमा शेयर प्रमाण पत्र लिई सभामा भाग लिनहुन अनुरोध छ ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनी उपस्थिति पुस्तिका १०:०० बजेबाट खुल्ला गरिनेछ ।

३) २३औं वार्षिक साधारणसभाको प्रयोजनका लागि मिति २०८३ साल मंसिर ८ गते (तदनुसार २४ नोभेम्बर, २०२६) मङ्गलबार एक दिनका लागि शेयरको दर्ता किताब बन्द रहनेछ।मिति २०८३ साल मंसिर ८ गतेको अधिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई तीन कार्य दिन भित्र शेयर दाखिल खारेजका लागि प्राप्त शेयरहरुबाट कायम शेयरधनीहरु मात्र यस सभामा भाग लिन योग्य हुनेछन् ।

४) साधारणसभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नुपर्नेछ।तर प्रतिनिधि नियुक्त गर्नु भएका शेयरधनी आफैं उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ ।

५) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ।कुनै संगठित संस्था वा कम्पनीको शेयर खरिद गरेका हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

६) कुनै शेयरधनी महानुभावहरुले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न/गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्यदिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ।तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा बहसको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहित हुनेछ ।

७) साधारण सभा सम्बन्धि अन्य कुराहरुको जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ट्रेड टावर चौथो तल्ला, थापाथली, काठमाण्डौंमा सम्पर्क राखि लिन सकिने छ । थप जानकारीको लागि कम्पनीको वेब साइट www.apipower.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।